मध्यनेपाल नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३, संख्याः १, प्रकाशन मितिः २०७६।११।०१


## भाग–१

## मध्यनेपाल नगरपालिकाको आर्थिक ऐन, २०७६

**(नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन)**

प्रमाणिकरण मिति २०७६।०३।२२

**प्रस्तावनाः** मध्यनेपाल नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर, महशुल तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

मध्यनेपाल नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **सम्पति करः** नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर र घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः** नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर/जग्गा वहालकरः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **प्राकृतिक स्रोत साधन उपयोग करः** नगरपालिका क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा, काठ लगायत कृषि तथा पशुजन्य स्रोत साधन उपयोग निकासी तथा पैठारी गरेवापत एवम् कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडीमाल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा प्रदेश कानुन सँग अनुकुल हुने गरी अनुसूची (६) लाई आधार मान्दै सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा प्रदेश कानुन सँग अनुकूल हुने गरी अनुसूचि (७) का आधारमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा प्रदेश कानुन सँग अनुकुल हुने गरी अनुसूचि (८) का आधारमा मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाटबजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टीङ शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, महशुल तथा सिफारिस दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा सुविधा प्रशासनिक कामकाज लगायतमा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क, दस्तुर, महशुल लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट प्रदेश कानून सँग अनुकूल हुने गरी अनुसूची १३ मा उल्लिखित दरका आधारमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनैपनि किसिमको कर छुट दिईने छैन।

१६. **प्रदेश तथा संघको समन्वयमा संकलन हुने करहरुः** प्रदेश तथा संघको समन्वयमा संकलन हुने करहरूको सम्बन्धमा प्रदेश तथा संघको कानूनसँग अनुकूल हुने गरी उक्त करका दरहरूमा नगर कार्यपालिकाले आवश्यक संशोधन, परिमार्जन तथा अनुकूलन गर्न सक्नेछ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ।

१८. **पन्जिकरण शुल्कः** पन्जिकरण शुल्क नेपाल सरकारको पन्जिकरण ऐन नियममा तोकिए बमोजिम लिइनेछ।

# अनुसूची-१ (सम्पत्ति कर)

## दफा २ सँग सम्बन्धित

**सम्पति करको दर :**

| **१. कर योग्य सम्पत्तिको मुल्य** | **करको दर वार्षिक** |
|---|---|
| क) दश लाख रूपैया सम्म | रू.१००/- एकसय रुपैंयामात्र |
| ख) दश लाख एक रूपैया देखि विस लाख रूपैया सम्म | रू.३००/- तीनसय रुपैंयामात्र |
| ग) विस लाख एक रूपैया देखि तिस लाख रूपैयासम्म | रू.५००/- पाँचसय रुपैंयामात्र |
| घ) तिस लाख एक रूपैया देखि पचास लाख रूपैयासम्म | रू.१०००/- एकहजार रुपैंयामात्र |
| ङ) पचास लाख एक रूपैया देखि एक करोड रूपैया सम्म | रू.२०००/- दुई हजार रुपैंयामात्र |
| च) एक करोड एक रूपैया देखि दुइ करोड रूपैया सम्म | रू.४०००/- चारहजार रुपैंयामात्र |
| छ) दुइ करोड एक रूपैया देखि पांच करोड रूपैया सम्म | रू.१००००/-दशहजार रुपैंयामात्र |
| पाँच करोड रूपैंयासम्मको मार्जिनको लागि माथिको दरमा कर लागेर त्यस मार्जिनपछि देहाय बमोजिम सम्पत्ति कर लाग्नेछ : | |
| ज) पाँच करोड एक रूपैया देखि माथि प्रति दश लाख | रू.१००/- |
| पाँच करोड एक रूपैंयादेखि माथि रू. दसलाख भन्दा कम भएमा प्रति दश लाखमा रू. १०० को अनुपातिक हिसाबमा प्रति हजार र प्रति सयको गणना गरी कायम हुन आउने रकम लिईनेछ। | |

# अनुसूची-२ (भुमिकर/मालपोत)

## दफा ३ सँग सम्बन्धित

वडा नं १, ५, ८, ९ र १० को हकमा

न्युनतम ५ रोपनीसम्म रू ५०/-

सो भन्दा बढी प्रति रोपनी रू १०/-

वडा नं २, ३, ४, ६ र ७ को हकमा

न्यूनतम ३ रोपनीसम्म रू ७५/-

सोभन्दा बढी प्रति रोपनी रू १५/-

बक्यौता रकम प्रति वर्ष आ.व. २०७५/०७६ को दरमा लिने र जरिवाना १ वर्षको २० % र सोभन्दा बढी वर्षको ५० % को दरले लिने

# अनुसूची-३ (घर/जग्गा बहाल कर)

## दफा ४ सँग सम्बन्धित

नगरपालिका क्षेत्र भित्र १० प्रतिशतका दरले घर/जग्गा बहाल कर उठाइने छ।

# अनुसूची-४ (व्यवसाय कर)

## दफा (५) सँग सम्बन्धित

| क्र.स | विवरण | आ.व.२०७६/०७७ मा प्रस्तावित कर, महशुल शुल्क दस्तुर | नविकरण शुल्क |
|---|---|---|---|
| १ | **क) संघ संस्था दर्ता सम्बन्धी सिफारिस** | | |
| | अ) सेवामूलक संस्थाको हकमा | ५००.०० | |
| | आ) नाफामूलक संस्थाको हकमा | १०००.०० | |
| | **ख) व्यवसाय दर्ता** | | |
| | १. रू १ लाख देखि ३ लाख सम्मको पसल दर्ताको लागि | ५००.०० | ५००.०० |
| | २. रू. ३ लाख देखि १० लाख सम्मको | १०००.०० | १०००.०० |
| | ३. रू. १० लाख देखि २० लाख सम्मको | २०००.०० | २०००.०० |
| | ४. रू. २० लाख देखि ५० लाख सम्मको | ३०००.०० | ३०००.०० |
| | ५. रू. ५० लाख देखि १ करोड सम्मको | ७०००.०० | ७०००.०० |
| | ६. रू १ करोड भन्दा माथि | १२०००.०० | १२०००.०० |
| | जरीवाना | कार्तिक १ गते देखि २० % | |
| २ | **निजी विद्यालय दर्ता** | | |
| | क.मन्टेश्वरी दर्ता | क.मन्टेश्वरी दर्ता ३०००.०० | |
| | ख. प्राथमिक विद्यालय | ख. प्राथमिक विद्यालय ५०००.०० | |
| | ग. आधारभूत तह दर्ता | ग. आधारभूत तह दर्ता ७०००.०० | |
| | घ. मा.वि. | घ.मा.वि. १००००.०० | |
| | ङ. मा.वि. भन्दा माथि | ङ. मा.वि. भन्दा माथि २००००.०० | |
| ३ | **निजी विद्यालय स्तर वृद्धि** | | |
| | क. प्राथमिक | २०००.०० | |
| | ख. आधारभूत | ३०००.०० | |
| | ग. मा.वि. | १००००.०० | |

| | | | |
|---|---|---|---|
| ४ | **विद्यार्थी होस्टल सेवा दर्ता तथा नविकरण** | १००००.०० | |
| | ट्यूसन/कोचिङ सेन्टर दर्ता तथा नविकरण | ६०००.०० | |
| | विदेशी भाषा कक्षा दर्ता तथा नविकरण | ६०००.०० | |
| | वैदेशिक अध्ययन तथा रोजगारी परामर्श सेवा दर्ता तथा नविकरण | १००००.०० | |
| ५ | **काठ दाउराको सिफारिस (व्यवसायिक)** | | |
| | क) कटानी | ५००.०० | |
| | ख) निकासी | | |
| | प्रति ट्याक्टर | १०००.०० | |
| | प्रति मिनि ट्रक | ७००.०० | |
| | प्रति ट्रक | १२००.०० | |
| ६ | **क.उद्योग स्थापना सिफारिस** | | |
| | ५ लाख सम्म | ५००.०० | |
| | ५ लाख भन्दा माथि २० लाख सम्म | १०००.०० | |
| | २० लाख भन्दा माथि ५० लाख सम्म | २०००.०० | |
| | ५० लाख भन्दा माथि १ करोड सम्म | ४०००.०० | |
| | १ करोड भन्दा माथि सम्म | ५०००.०० | |
| | ख. उद्योग नामसारी,ठाऊँसारी सिफारिस | १०००.०० | |
| | ग.व्यवसाय नामसारी सिफारिस | १०००.०० | |
| | घ. व्यवसाय नामसारी सिफारिस कृषि | ५००.०० | |
| | ङ. सिफारिसको विवरण सच्याई दिएको | १५०.०० | |
| | च. सनाखत सिफारिस | ३००.०० | |
| ७ | टाईपिङ, कम्प्यूटर तथा भाषा प्रशिक्षण संस्था (प्रमाणपत्र दिने/नदिने) | १०००.०० प्रमाणपत्र दिने | ५००.०० प्रमाणपत्र नदिने |
| ८ | सिलाई, बुनाई, पेन्टिङ, कटिङ प्रशिक्षण | ८००.०० प्रमाण पत्र दिने | ६००.०० नदिने |
| ९ | टेक्निकल इन्ष्टिच्युट | ११००.०० प्रमाण पत्र दिने | ५००.०० प्रमाणपत्र नदिने |

| | | |
|---|---|---|
| १० | **घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र दस्तुर** | ५०००.०० |
| | नविकरण शुल्क | ४०००.०० |
| | नविकरणको म्याद नाघेमा (कार्त्तिक १ देखि पौष सम्म) | २०००.०० |
| | सोभन्दा पछि भएमा जरिवाना | ३०००.०० |
| ११ | **नगरपालिकामा प्रधान कार्यालय भएका वा नगरपालिका भित्रको ठेगाना मात्र राखी दर्ता भएका** | |
| | "क" वर्गको निर्माण व्यवसायीको हकमा (बार्षिक शुल्क) | ५०००.०० |
| | "ख" वर्गको निर्माण व्यवसायीको हकमा (बार्षिक शुल्क) | ३०००.०० |
| | "ग" वर्गको निर्माण व्यवसायीको हकमा (बार्षिक शुल्क) | २०००.०० |
| | "घ" वर्गको निर्माण व्यवसायीको हकमा (बार्षिक शुल्क) | १०००.०० |
| १२ | **संचार सेवा** | |
| | क) निजी क्षेत्रका (व्यवसायिक रूपमा प्रयोग भएको) (कूरियर, फ्याक्स, इमेल, इन्टरनेट र टेलिफोन) | १०००.०० |
| | ख) केबुल तथा नेटवर्किङ सेवा प्रदायक सेवा | २०००.०० |
| १३ | **विशेषज्ञ मरामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| | क) विशेषज्ञ चिकित्सक | १०००.०० |
| | ख) मेडिकल अधिकृत/आयुर्वेदिक चिकित्सक | ८००.०० |
| | ग)स्वा.सहायक/कविराज | ५००.०० |
| | घ) ल फर्म | १५००.०० |
| | ङ) लेखापढी सेवा | १०००.०० |
| | च) कन्सल्टेन्सी फर्म (इन्जीनियरीङ्ग) | ३०००.०० |
| | छ) ज्योतिष सेवा | ५००.०० |
| | ज) अडिटर फर्म | |
| | क वर्गको | २०००.०० |
| | ख वर्गको | १५००.०० |
| | ग वर्गको | १०००.०० |
| | घ वर्गको | ५००.०० |
| | झ) अनुसन्धानकर्ता तथा परामर्शदाता | २०००.०० |

| | | |
|---|---|---|
| | ञ)वेभसाईड/प्रोग्राम डिजाईनर | २०००.०० |
| | ट)विमा एजेण्ट | १५००.०० |
| | ठ)सर्भेयर | २०००.०० |
| | ड)अनुवादक (नोटरी पव्लिक) | १०००.०० |
| | ढ)शेयर र अन्य मेडिएटर (दलाल) | १५००.०० |
| | ण)कार्गो तथा कुरियर सेवा | १५००.०० |
| १४ | अन्य व्यवसाय | |
| | कवाडी सामानको थोक विक्रेता (बार्षिक शुल्क) | १००००.०० |
| **क** | लाउण्ड्री पसल | ५००.०० |
| **ख** | मादल पसल | ५००.०० |
| **ग** | माटोको भांडा बनाउने | ५००.०० |
| **घ** | मिठाई पसल | १०००.०० |
| **ङ** | सा.उद्योग | १२००.०० |
| **च** | कटिङ ढुंगा उद्योग | १०००.०० |
| **छ** | इट्टा भट्टा | |
| | क. चिम्नी इट्टा (बार्षिक शुल्क) | ५०००.०० |
| | ख. भट्टा इट्टा (बार्षिक शुल्क) | २०००.०० |
| **ज** | ग्रिल उद्योग | १०००.०० |
| **झ** | अन्य उद्योग | १०००.०० |
| **ञ** | ब्लक उद्योग | २०००.०० |
| १५ | **वर्क शप (धुलाई, मर्मत, रिपेयरिङ्ग....)**<br>क.मोटरसाइकल | १५००.०० |
| | ख.बस, कार, जिप, भ्यान लगायत अन्य | २५००.०० |
| १६ | **टेन्ट हाउस** | २०००.०० |
| १७ | **पटके व्यवसाय कर** | |
| | वहाल बिटौरी वा व्यवसाय करको सुचीमा परेका करदाताबाहेक नगरपालिका क्षेत्रभित्र वा बाहिरबाट सवारी साधन वा मानिस आफैले पोका वा झोलामा सामान राखी न.पा. क्षेत्रभित्र घुमाएर विक्री गर्ने वा न.पा. क्षेत्रभित्र रहेको नदीमा पर्यटकीय दृष्टिकोणले ऱ्याफ्टिङ गर्नेहरूका लागि निम्न अनुसार कर लिने । | |
| **क.** | फेन्सी र खुद्रा सामान गाडीद्वारा घुमाएर बेच्नेहरूका लागि प्रति दिन | १००.०० |

| | | |
|---|---|---|
| **ख.** | खाद्यान्न सामान गाडीद्वारा घुमाएर बेच्नेहरूका लागि प्रति दिन | ५०.०० |
| **ग.** | आलु र तरकारी गाडीद्वारा घुमाएर बेच्नेहरूका लागि प्रति दिन | ५०.०० |
| **घ.** | पोका वा झोलामा सामान राखी मोटर साइकल वा मानिस आफैले बेच्ने प्रति दिन | १००.०० |
| १८. | **नदीमा ऱ्याङ्गिटङ गर्ने पर्यटकहरुलाई प्रति व्यक्ति प्रति पटक** | २०.०० |
| १९. | **रांगा, भैंसी, बंगुर प्रतिगोटा निकासी** | १००.०० |
| २०. | **खसी, बोका प्रति गोटा निकासी** | ५०.०० |
| २१ | **हांस, कुखुरा र अन्य पंक्षि प्रति गोटा निकासी** | २.०० |
| नोटः डोका र डालामा तरकारी तथा फलफुल राखी बजारमा घुमाएर बेच्ने किसानहरूको हकमा पटके व्यवसाय कर लिइने छैन | | |
| २२ | **वीज भण्डार** | ५००.०० |
| २३ | **मासु पसल(फ्रेस हाउस)** | कुखुरा  १००० |
| | | खसी बोका १५०० |
| | | खसी बोका र कुखुरा २००० |
| | | राँगा बंगुर १००० |
| | | माछा पसल १००० |
| | | माछा तथा मासु पसल रू.२५०० (मत्स्य पशुपंक्षी सबै) |
| २४. | **कपडा सिलाई** | ५००.०० |
| २५ | **हेयर कटीङ** | १०००.०० |
| २६ | **आर्ट** | ६००.०० |
| २७ | **फोटो स्टुडियो** | कलर ल्याव तथा फोटो स्टुडियो रू.ज्ञण्ण्ण।ण्ण |
| | | फोटो स्टुडियो मात्र रू. ५००.०० |
| २८ | **रंगरोगन पसल** | १०००.०० |
| २९ | **आँखा क्लिनिक तथा चस्मा पसल** | १०००.०० |
| ३०. | **रेडियो, टिभि,घडी,विक्री तथा मर्मत सम्भार पसल** | १५००.०० |
| ३१. | **बस, ट्रक, कार, ट्याम्पो,मोटरसाईकल** | २०००.०० |
| ३२. | **सेवा उद्योग** | |
| क | ड्राइभिङ इन्सिटिच्यूट | ८००.०० |

| | | |
|---|---|---|
| ख | चलचित्र मन्दिर | २५००.०० |
| ग | ल्याब तथा फोटोग्राफी | २०००.०० ल्याब तथा एक्सरे सेवा |
| घ | छापाखाना | |
| ३३. | **अन्य कृषि तथा बनजन्य उद्योग** | २०००.०० |
| ३४. | **फर्निचर उद्योग** | १५००.०० |
| ३५. | **उर्जा उत्पादनमूलक उद्योग** | २५००.०० |
| ३६. | **बायो ग्यास तथा सौर्य प्रविधि** | २०००.०० |
| ३७. | **उत्पादन मुलक उद्योग** | |
| क | पाउरोटी भण्डार | १०००.०० |
| ख | मिल | १०००.०० |
| ग | आइसक्रिम उद्योग तथा पसल | ६००.०० |
| ३८. | **वित्तीय संस्था** (**वार्षिक शुल्क**) | |
| | क वर्गको | १००००.०० |
| | ख वगको | ८०००.०० |
| | ग वर्गको | ६०००.०० |
| | घ वर्गको | ४०००.०० |
| ३९ | **लघुवित्तको हकमा** | ४०००.०० |
| ४०. | **सहकारी संस्था दर्ता रु. १ करोडसम्मको** | १०००.०० |
| | **सो भन्दामाथि रु.५ करोडसम्मको** | १५००.०० |
| | **रु.५करोडभन्दामाथिको** | २०००.०० |
| ४१. | **रेमिटेन्स सेवा उद्योग** | १०००.०० |
| ४२. | **स्वास्थ्य सेवा उद्योग** | |
| क | निजी तथा गैरसरकारी अस्पताल | ३०००.०० |
| ख | नर्सिङ होम | २०००.०० |
| ग | क्लिनिक | १५००.०० |
| घ | डेण्टल पसल | १५००.०० |
| ङ | औषधी थोक विक्रेता | ३०००.०० |
| च. | औषधी खुद्रा विक्रेता | २०००.०० |

| | | |
|---|---|---|
| ४३. | **शिक्षा सेवा निजी विद्यालय (वार्षिक शुल्क)** | |
| क | मण्टेशरी | १०००.०० |
| ख | आधारभूत सम्मको | २०००.०० |
| ग | मा.वि. को | ३०००.०० |
| घ | शिक्षक सरूवा, सहमती, अनुमति पत्र दिदाँ | ५००.०० |
| ङ | करार/राहत शिक्षक अभिलेखिकरण दर्ता आधारभूत विद्यालयको हकमा | ५००.०० |
| च | करार/राहत शिक्षक अभिलेखिकरण दर्ता माध्यमिक विद्यालयको हकमा | १०००.०० |
| छ | कक्षा ८ को ग्रेड सिट प्रतिलिपि | २००.०० |
| ४४. | **संघ संस्था, सरकारी कार्यालय, गोदाम भाडामा दिने** | २ प्रतिशतका दरले |
| ४५. | **अन्य प्रयोजनको लागि** | २ प्रतिशतका दरले |
| ४६. | **पर्यटन उद्योग आर्थिक** | |
| क | होम स्टे | १०००.०० |
| ख | होटल,लज,गेष्ट हाउस | १५००.०० |
| | अन्य साधारण होटल तथा रेस्टुरेन्ट,( मम,तास,सेकुवा आदी | १२००.०० |
| ४७. | **व्यापारिक वस्तु** | |
| क | खाद्यान्न ,किराना डिलर र खुद्रा पसल | १५००.०० |
| ख | कपडा पसल(थोक एवं खुद्रा ) | १५००.०० |
| ग. | आयल पम्प डिजेल पेट्रोल | १५००.०० |
| | मट्टीतेल डिलर | १०००.०० |
| | ग्याँस डिलर | १२००.०० |
| घ. | सुनचाँदी पसल | १५००.०० |
| च | फेन्सी पसल | १५००.०० |
| छ | ऊनी धागो उद्योग | ७००.०० |
| ज | जुत्ता चपल पसल | १०००.०० |
| झ | सपिङ् सेन्टर | १५००.०० |
| ञ | भाडा र गिफ्ट पसल | १५००.०० |

| | | |
|---|---|---|
| ट | विविध श्रृंगार पसल | १०००.०० |
| ठ. | पुस्तक तथा पत्रिका पसल | १०००.०० |
| ड. | नर्सिरी फलफुल विरूवा विक्री | ५००.०० |
| ढ. | तरकारी पसल | ७००.०० |
| ४८. | **भिडियो गेम** | ५००.०० |
| ४९. | **केवुल, नेट्वर्किङ** | १००००.०० |
| ५०. | **पुल हाउस** | १०००.०० |
| ५१. | **संस्थागत पेन्टर** | १०००.०० |
| ५२. | **फर्निचर पसल** | १५००.०० |
| ५३. | **फिटनेस क्लव वा जिमहाउस** | १०००.०० |
| ५४. | **साना किसान (पशु,वाख्रा,कुखुरा आदि)** | १०००.०० |
| ५५. | **साईकल व्यवसायी** | १०००.०० |
| ५६. | **मोवाईल टावर वार्षिक शुल्क** | २०००.०० |
| ५७. | **व्युटी पार्लर** | १०००.०० |
| ५८. | **दाना,अण्डा, ह्याचरी** | १५००.०० |
| ५९. | **खेलौना उपहार ,गिफ्ट पसल** | १०००.०० |
| ६०. | **रासायनिक मल, विउ विजन विक्रेता दर्ता र नविकरण** | १०००.०० |
| ६१ | **रसायनिक मल विउ विजन विक्रेता जरिवाना शुल्क** | ५००.०० |
| ६२. | **कुटानी पिसानी** | १०००.०० |
| ६३ | **सिरक डसना** | २०००.०० |
| ६४ | **एफ्.एम्.स्टेशन** | १०००.०० |
| ६५ | **मसला उद्योग** | १०००.०० |
| ६६ | **गोबरग्याँस कम्पनी** | ५००.०० |
| ६७ | **जुत्ता चप्पल पसल होलसेल** | २०००.०० |
| ६८ | **क)कस्मेटिक्स होलसेल** | २०००.०० |
| | **ख)कस्मेटिक्स खुद्रा** | १०००.०० |
| ६९ | **मदिरा पसल** | १५००.०० |

| | | |
|---|---|---|
| | खुद्रा विक्री पसल | २५००.०० |
| | थोक विक्री पसल | ५०००.०० |
| | थोक तथा खुद्रा पसल | १०००.०० |
| ७० | नक्कली गरगहना पसल | १०००.०० |
| ७१ | सबै प्रकारका ईलेक्ट्रोनिक सामानहरु माथि उल्लेख भएदेखि वाहेकका पसल | |
| | क.थोक विक्री पसलमा डिलरसीपमा | ५०००.०० |
| | ख. खुद्रा विक्री पसलमा | ३०००.०० |
| | ग. थोक तथा खुद्रा विक्री पसलमा | १०००.०० |
| ७२ | ह्यार्डवेयर पसल (मार्वल,चिप्स,शिशा,रगंरोगन,सवारीको रंगरोगन,सिमेण्ट,रड,प्लाई आदिसमेत को) थोक विक्रीमा | ५०००.०० |
| | खुद्रा विक्रीमा | ३०००.०० |
| | थोक तथा खुद्रा विक्रीमा | ७०००.०० |
| ७३ | गाई भैंसी पालन, पोल्ट्री फार्म,ह्याचरी उद्योग | २५००.०० |
| ७४ | पशु पंक्षी उपचार सेवा शुल्क प्रति पशुपक्षी | १०.०० |
| ७५ | सामुदायिक वनको | ५०००.०० |
| | क.दर्ता शुल्क | |
| | ख.नविकरण शुल्क | वनपैदावरको आम्दानीको आधारमा वार्षिक ५ लाखसम्म आम्दानी हुने सामुदायिक वन उपभोक्ता समितिको हक मा रू.२५००/- ५लाख १देखि १० लाखसम्म आम्दानी हुने सामुदायिक वनको हकमा रू.५०००/-पाँचहजार १०लाख १ देखि २० लाखसम्म आम्दानी हुने सामुदायिक वनको हकमा रू.१००००/-दशहजार रूपैंयामात्र रू.२० लाख १ देखि माथि जतिसुकै आम्दानी हुने सामुदायिक वनको हकमा कूल आम्दानीको १ प्रतिशत |
| | यस नगरपालिका भित्रका सामुदायिक तथा सरकारी वनबाट व्यापारी प्रयोजनको लागि विक्रि भई अर्को नगरपालिका वा जिल्लामा काठ पैठारी भएमा | क्यू फिट रू ५ का दरले शुल्क लिने। |

# अनुसूची-५ (प्राकृतिक स्रोत साधन उपयोग कर)

## दफा ६ सँग सम्बन्धित

| | | |
|---|---|---|
| १ | अ.प्राकृतिक साधन उपयोग कर | |
| | क) ढुंगा, गिटी प्रति हेवी ट्रक, | १०००.०० |
| | ख)ढुंगा, गिटी प्रति मिनी ट्रक /प्रति टिपर | ७००/- |
| | ग) ढुंगा, गिटी प्रति ट्याक्टर | ५००/- |
| | घ) बालुवा प्रति हेवी ट्रक | ८००.०० |
| | **ङ)बालुवा प्रति मिनी ट्रक** | ५००.०० |
| | च)बालुवा प्रति ट्याक्टर | ४००.०० |
| | छ) कटानी ढुङ्गा प्रति हेभी ट्रक | २५००.०० |
| | ज) कटानी ढुङ्गा प्रति मिनी ट्रक/टिपर | २०००.०० |
| | झ) कटानी ढुङ्गा प्रति ट्याक्टर | १५००.०० |
| | ञ) छपनी सादा ढुंगा प्रति हेभी ट्रक | १०००.०० |
| | ट) छपनी सादा ढुंगा प्रति मिनी ट्रक /टिपर | ७००.०० |
| | (ठ)छपनी सादा ढुंगा प्रति ट्याक्टर | ५००.०० |
| | ड) माटो प्रति हेभी ट्रक | ३००.०० |
| | ढ) माटो प्रति मिनी ट्रक | १५०.०० |
| | झ) प्रति ट्याक्टर | १००.०० |
| | आ.अन्य प्राकृतिक तथा कृषि जन्य स्रोत साधन निकासी पैठारी सिफारिस दस्तुर | जडिवुटी लोडेड प्रति ट्रक रू. १०००.०० जडिवुटी लोडेडप्रति मिनी ट्रक८००.०० जडिवुटी लोडेडप्रति ट्याक्टर५००.०० कफी अलैंची लोडेड प्रति हेभी ट्रक,प्रति मिनी ट्रक तथा प्रति ट्याक्टर क्रमश: रू.१०००.००,७००.००,५००.०० अन्य कृषिजन्य उत्पादन (फलफूल तरकारी बाहेक) प्रति ट्रक,मिनी ट्रक, ट्याक्टर क्रमश: ७००.००,५००.००,३००.०० फलफूल तरकारी प्रति ट्रक,मिनी ट्रक, ट्याक्टर क्रमश: ५००.००,३००.००.,२००.०० |
| २ | कालीमाटी र रातो माटो (ट्रयाक्टर र ट्रक) निकासी शुल्क | १०० / ३०० |

# अनुसूची-६ (सवारी साधन कर)

## दफा ७ सँग सम्बन्धित

| | | | |
|---|---|---|---|
| १ | वार्षिक सवारी कर | | |
| | क) बस,ट्रक,लहरी | १000.00 | |
| | ख) मिनि बस, ट्रक ६ पाङ्ग्रे (टिपर समेत) | ६00.00 | |
| | ग) मिनि बस, ट्रक ४ पाँङग्रे | ५00.00 | |
| | घ) भाडाको कार जिप | ५00.00 | |
| | ङ) निजी कार, भ्यान जिप, पिकअप | २00.00 | |
| | च) ट्याक्टर ठूलो | ५00.00 | |
| | छ) ट्याक्टर सानो | ३00.00 | |
| | ज) स्कुटर मोटरसाइकल | १00.00 | |
| | झ) ठेला | १00.00 | |
| | ञ) रिक्सा,ईरिक्सा | २00.00 | |
| २ | **रोलर** | २000.00 | |
| | डोजर तथा यक्साभेटर | ५000.00 | |
| ३ | **पटके सवारी कर** | | |
| | क. दश चक्के वा सो भन्दा माथि को गाडी | ६0.00 प्रति दिन | |
| | ख.६ चक्केलाई गाडी | ४0.00 प्रति दिन | |
| | ग.जिप ,कार, भ्यान लाई रू २० प्रति दिन | ४0.00 प्रति दिन | |
| | घ. मोटर साइकल लाई | १५.0 प्रति दिन | |
| | ईलेक्ट्रोनिक्स रिक्सा दर्ता तथा नविकरण शुल्क | १000.00 | |
| | डिजेल रिक्सा दर्ता तथा नविकरण शुल्क | १२00.00 | |
| | बस,कार,जिप,भ्यान लगायत अन्य | २५00.00 | |
| १ | **विज्ञापन दर** | | |
| **क** | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट भन्दा माथि वार्षिक | ५00.00 | ५00.00 |
| **ख** | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट सम्म वार्षिक | ३00.00 | ३00.00 |
| **ग** | तूल व्यानर एक हप्ताको लागि | ५0.00 | ५0.00 |
| | तूल व्यानर एक हप्ता भन्दा बढी एक महिना सम्म | १00.00 | १00.00 |
| नोटः १० वर्गाफूट सम्मको आफ्नो व्यवसाय प्रचार प्रसारको होडिङ वोर्ड निशुल्क । | | | |

# अनुसूची-७ (विज्ञापन कर)

## आर्थिक ऐन २०७६ को दफा ८ सँग सम्बन्धित

| | | | |
|---|---|---|---|
| १ | विज्ञापन दर | | |
| | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट भन्दा माथि वार्षिक | ५००.०० | ५००.०० |
| | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफूट सम्म वार्षिक | ३००.०० | ३००.०० |
| | तूल व्यानर एक हप्ताको लागि | ५०.०० | ५०.०० |
| | तूल व्यानर एक हप्ता भन्दा बढी एक महिना सम्म | १००.०० | १००.०० |
| | नोटः १० वर्गाफूट सम्मको आफ्नो व्यवसाय प्रचार प्रसारको होडिङ वोर्ड निशुल्क । | | |

# अनुसूची-८ (मनोरञ्जन कर)

## आर्थिक ऐन २०७६ को दफा ८ सँग सम्बन्धित

टिकट विकी तथा पटकको आधारमा न्युनतम रू. ५००मा नघट्ने गरी सम्बन्धित वडाबाट निर्णय गरी लिन सकिने ।

# अनुसूची-९ (बहाल विटौरी कर)

## दफा १० सँग सम्बन्धित

हाट बजार पसलमा नगरपालिका क्षेत्र भित्र नगरपालिकाले निर्माण रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसलमा हाट बजार वा पसलको प्रकृति अवस्थित अनुसार सम्बन्धित वडाले निर्णय गरी उठाउन सक्ने ।

# अनुसूची-१० (पार्किङ्ग शुल्क)

## दफा ११ सँग सम्बन्धित

| **सवारी पार्किङ शुल्क** | | |
|---|---|---|
| क | ठुला सवारी साधन | २०.०० |
| ख | साना सवारी साधन | १०.०० |

# अनुसूची-११ (ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग)

## दफा १० सँग सम्बन्धित

नगरसभाबाट अनुमोदन गराउनेगरी नगर कार्यपालिकाले निर्णय गरी तोके अनुसार हुनेछ ।

# अनुसूची-१२ (सेवा शुल्क महशुल, दस्तुर)

## दफा १३ सँग सम्बन्धित

| क्र.स | विवरण | आ.व.२०७६/०७७ मा प्रस्तावित |
|---|---|---|
| १. | **सिफारिस** | |
| २. | **क) नाता प्रमाणित सिफारिस नेपालीमा** | ४००.०० |
| | ख) नाता प्रमाणित सिफारिस अंग्रेजीमा | ७००.०० |
| | ग) बैदेशिक सफारिस भारतको लागि | ४००.०० |
| | घ) बैदेशिक सिफारिस | १०००.०० |
| | थप प्रति बैदेशिक सिफारिस | २००.०० |
| ३. | **घरजग्गामा नामसारी, हकवाला प्रमाणित** | |
| | क) घर नामसारी | ५००.०० |
| | ख) जग्गा नामसारी | ५००.०० |
| ४. | घर कायम सिफारिस | |
| | क) पक्की र कच्ची घर कायम | ५००.००, ३००,०० |
| ५. | **पेन्सन सम्बन्धि वा सो सम्बन्धी अन्य सिफारिस** | नेपालभित्रको सेवाको हकमा ५००.०० |
| ६. | **हकवाला संरक्षण सम्बन्धी सिफारिस** | २००.०० |
| | क) संघ संस्था दर्ता सम्बन्धी सिफारिस | |
| | अ) सेवामूलक संस्थाको हकमा | ५००.०० |
| | आ) नाफामूलक संस्थाको हकमा | १०००.०० |
| ७ | **काठ दाउराको सिफारिस** | |
| | क) कटानी | ५००.०० |
| | ख) निकासी | |
| | प्रति ट्याक्टर | १०००.०० |
| | प्रति मिनि ट्रक | ७००.०० |
| | प्रति ट्रक | १२००.०० |
| ८ | **लिखतको अंग्रेजी रुपान्तरण** | १०००.०० |
| ९ | **क) वंशजको नागरिकता सम्बन्धि सिफारिस/ प्रतिलिपि सिफारिस** | २००.०० |
| | ख) अंगिकृत नागरिकता सम्बन्धि सिफारिस | २०००.०० |
| १० | **सनाखत सिफारिस** | ५००.०० |

| | | |
|---|---|---|
| | क) जन्म मृत्यू सम्बन्धि सिफारिस | २००.०० |
| | ख) जन्म, मृत्यु, बसाँइसराई, सम्बन्ध विच्छेद | पञ्जिकरण ऐन नियम अनुसार |
| ११ | **ख) जन्ममुत्यू सम्बन्धि सिफारिस (अँग्रेजी)** | १०००.०० |
| १२ | **स्थायी बसोबास सम्बन्धि सिफारिस** | २००.०० |
| १३ | **नाम थर जन्ममिति, ठेगाना संसोधन, फरक सिफारिस** | ५००.०० |
| १४ | **सर्जिमन मुचुल्का शुल्क** | ५००.०० |
| १५ | **अमिन शुल्क प्रति पटक** | १०००.०० |
| १६ | **विद्युत, खानेपानी, टेलिफोन जडान शुल्क** | ५००.०० |
| १७ | **चारित्रिक सिफारिस** | १०००.०० |
| १८ | **प्लटिङ सेवा शुल्क** | |
| | क. २ रोपनी सम्म | २५०००.०० |
| | ख. ५ रोपनी सम्म | ३५०००.०० |
| | ग. ५ रोपनी भन्दा माथि प्रति रोपनी | १००००.०० |
| | * ५ रोपनी सम्मको भन्दा माथि प्रति रोपनीको हिसाबले लिने | |
| १९ | **विद्युत, टेलिफोन तथा खानेपानी सम्बन्धि नामसारी सिफारिस** | सामान्य कच्ची घरको लागि २००<br>आर.सि.सि.पक्की घर एकतले ५००<br>एकतलादेखि ३ तलासम्म १०००<br>तीन तलाभन्दामाथि ५००० |
| २० | **क.उद्योग स्थापना सिफारिस** | |
| | ५ लाख सम्म | ५००.०० |
| | ५ लाख भन्दा माथि २० लाख सम्म | १०००.०० |
| | २० लाख भन्दा माथि ५० लाख सम्म | २०००.०० |
| | ५० लाख भन्दा माथि १ करोड सम्म | ४०००.०० |
| | १ करोड भन्दा माथि सम्म | ५०००.०० |
| | ख. उद्योग नामसारी,ठाऊँसारी सिफारिस | १०००.०० |
| | ग. व्यवसाय नामसारी सिफारिस | १०००.०० |
| | घ. व्यवसाय नामसारी सिफारिस कृषि | ५००.०० |
| | ङ. सिफारिसको विवरण सच्याई दिएको | १५०.०० |
| | च. सनाखत सिफारिस | ५००.०० |
| २१ | **भवन निर्माण साधारण स्वीकृती सम्बन्धी सिफारिस** | ५००.०० |
| २२ | **छात्रबृत्ति सम्बन्धी सिफारिस** | |
| | क. अत्यन्त गरिबलाई | निशुल्क |
| | ख. स्वदेश भित्रको लागि | २००.०० |

| | | |
|---|---|---|
| | ग. विदेशको लागि | १०००.०० |
| २३ | **अन्य दस्तुर** | |
| | क) निवेदन दस्तुर | २०/- |
| | ख) भवन निर्माण, दर्खास्त फाराम च्ॠॠ | १०००.०० |
| | ग) घर ग्रामीण तथा अस्थायी | ५००.०० |
| | घ) सम्बन्ध विच्छेद, जन्म, मृत्यु, बसाइसराइ, विवाह दर्ता विलम्ब शुल्क | (पचास मात्र) ५०.०० |
| | ङ) परीक्षा सम्बन्धी दरखास्त शुल्क | लोक सेवाको नियमानुसार |
| | च) कोटेशन फारम शुल्क | आर्थिक तथा सार्वजनिक खरिद ऐन नियमानुसार |
| | च) टेन्डर फाराम शुल्क | आर्थिक तथा सार्वजनिक खरिद ऐन नियमानुसार |
| | छ) निवेदन नक्कल प्रतिपाना | २०.०० |
| . | ज) घरपालुवा कुकुर दर्ता र नविकरण दस्तुर | ५००.०० |
| | झ) बन्दुक नविकरण दस्तुर | १०००. प्रति वर्ष |
| | ञ) घर निर्माण नक्साको नक्कल दस्तुर | ५००.०० |
| | ट) मिलापत्र दस्तुर प्रति पक्ष | २००.०० |
| | ठ) अनुसूची फाराम | १०.०० प्रति अनुसूची |
| २४ | **हैसियत प्रमाणित सम्बन्धि ऋण प्रयोजनका लागि** | |
| | २० लाख सम्मको ऋणका लागि | १०००.०० |
| | ५० लाख सम्मको ऋणका  लागि | २५००.०० |
| | सो भन्दा माथिको ऋणका लागि | ५०००.०० |
| २५ | **वैदेशिक रोजगारका लागि** | |
| | क) दश लाखसम्मको लागि | ०.२० प्रतिशत कूल मूल्याङ्कनको |
| | ख) १० लाख भन्दा वढि (जति भएपनि) | ०.१५ प्रतिशत |
| | ग) अध्ययनको लागि | ०.१ प्रतिशत कूल मूल्याङ्कनको |
| २६ | **आमा समूह, युवा क्लब दर्ता तथा नविकरण शुल्क दस्तुर** | ५००.०० |
| २७ | **नगरपालिका भित्र गठन भएका कृषि तथा पशु पंक्षी सेवा सम्बन्धमा** | |
| | क) समूह गठन | ५००.०० |
| | ख) समूह पुर्नगठन | ३००.०० |
| | ग) समूह नविकरण | २००.०० |
| | घ) सिफारिस दस्तुर | ५००.०० |
| | ङ) जरिवाना शुल्क | १००.०० |

| | | | | |
|---|---|---|---|---|
| २८. **नक्शापास दस्तुर** | | | | |
| क) आर.सि.सी. फ्रेम स्टकचार निवेदन दस्तुर रू.१०००/- | | | | |
| ख) घर कायम निवेदन दस्तुर रू. ७००/- | | | | |
| ग) नयाँ घर निर्माणका लागि नक्सा पास राजश्व प्लिन्थ एरियाको प्रतिवर्ग फिट तपशिल बमोजिम कायम गरियो । | | | | |
| २९. | **भौतिक संरचनाको विवरण** | नक्सापास क्षेत्र | | |
| | | बाटोको प्रकार | | |
| | **आर.सी.सी.फ्रेम स्ट्क्चर** | **पिच** | **ग्रावेल** | **धुलेबाटो** |
| क | भुईतला | ८.०० | ७.०० | ६.०० |
| ख | पहिलो तला | ९.०० | ८.०० | ७.०० |
| ग | दोश्रो तला | १०.०० | ९.०० | ८.०० |
| घ | सोभन्दा माथि दोश्रो तलाकै कायम गर्ने | | | |
| ङ | सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) जस्तापाता छाना प्र.स्क्वा.फिट) | ३.०० | | |
| च | माटोको जोडाईमा इटा वा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) आर.सी.सी., जस्तापाताछाना( उभच/कत्रात।) | २.०० | | |
| छ | माटोको जोडाईमा इटा वा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) प्रति कत्रात। | २.०० | | |
| ज | घर कायमका लागि तपशिल बमोजिमको राजश्व कायम गरियो । | | | |
| | क.भुईतला प्रति वर्ग फिट | ५.०० | | |
| | ख.पहिलो तला प्रति वर्ग फिट | ५.५० | | |
| | ग.दोस्रो तला प्रति वर्ग फिट | ६.०० | | |
| झ | घर सम्पन्न प्रमाण पत्र लिनका लागि प्रति वर्ग फिटको रू १ मात्र कायम गर्ने । (सबै तलाको प्लिन्थ एरिया जोडिनेछ ) | | | |
| ञ | नगरपालिका स्थापना भए पश्चात (नक्सा पास प्रारम्भ पश्चात) नक्सा पास नगरी घर बनाउने तर घर कायम गर्न आउने घर धनीलाई नयाँ नक्सा पास सरह शुल्क लगाउने । | | | |
| ट | आ.व. २०७६/७७ मा दर्ता हुने निवेदनहरूमा उल्लेखित दर रेट लागु हुनेछ । | | | |
| ठ | नक्सा पास निवेदन लिनका लागि घर धनीले घरको नक्सा अनिवार्य रूपमा नगरपालिकामा बुझाउनु पर्नेछ । | | | |
| ड | नीजि घरको नक्सा निर्माण गर्ने इन्जिनियरिङ्ग कन्सल्टेन्सीलाई नयाँ दर्ता भएमा रू ७०००/- र नविकरण शुल्क रू ५०००/- कायम गर्ने । | | | |

| | | | |
|---|---|---|---|
| ढ | नयाँ नीजि घरको निर्माण गर्ने निर्माण व्यवसायीलाई नयाँ दर्ता रू ४०००/- र नविकरण शुल्क रू ३०००/- कायम गर्ने । | | |
| **३०. चार किल्ला सिफारिस/घरबाटोको सिफारिस** | | | |
| क | बाटोले नछोएको | ४००.०० | ४००.०० |
| ख | कच्ची सडक भएको | ६००.०० | ६००.०० |
| ग | ग्रावल सडक भएको | ८००.०० | ८००.०० |
| घ | भित्री पिचवाटो भएको | १०००.०० | १०००.०० |
| ङ | राजमार्ग भएको | १२००.०० | १२००.०० |
| च | थप शुल्क पक्की घर भएको र कच्ची घर भएको | ५००/३०० | ५०० /३०० |

# अनुसूची-१३ (पर्यटन शुल्क)

**दफा १४ सँग सम्बन्धित**

प्रदेश कानूनसँग अनुकूल हुने गरी र नगरसभाबाट अनुमोदन गराउनेगरी नगर कार्यपालिकाले निर्णय गरी तोके अनुसार हुनेछ।

आज्ञाले,
नरबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

## मध्यनेपाल नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३, संख्याः २, प्रकाशन मितिः २०७६।११।०१

### भाग–१

## मध्यनेपाल नगरपालिकाको विनियोजन ऐन २०७६

**(मध्यनेपाल नगरपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)**

प्रमाणिकरण मिति २०७६।०३।२२

**प्रस्तावनाः** मध्यनेपाल नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मध्यनेपाल नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम मध्यनेपाल नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू ४५,१०,७८,३२६/- (अक्षेरूपी पैतालिस करोड दशलाख अठहत्तर हजार तीन सय छब्बीस रूपैयामात्र) मा नबढाई सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

आज्ञाले,

नरबहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत